मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १२४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ९ गते सोमबार (Monday, 23 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विभिन्न देश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, चैत ८।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं कीर्तिपुर नगरपालिका-७ बस्ने बर्दिया घर भएका ३६ वर्षीय अर्जुनबहादुर पौडेल, ललितपुर महालक्ष्मी नगरपालिका-७ बस्ने सर्लाही घर भएका ४६ वर्षीय डिल्लीराम भुजेल, काठमाडौं महानगरपालिका-१६ बस्ने ४३ वर्षीया उमा गुरूङ,

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा पनि कुखुरामा बर्डफ्लू संक्रमण पुष्टि

पार्थ मण्डल



**झापा, चैत ८।** झापामा चार वर्षपछि फेरि कुखुरामा बर्डफ्लू संक्रमण देखा परेको छ।

छिमेकी जिल्ला मोरङको सुन्दरहरैचामा देखा परेसँगै झापाको दमकमा बर्डफ्लू संक्रमण पुष्टि भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाकी प्रमुख शीतल भट्टराईले जानकारी दिइन्। दमक नगरपालिका-१०स्थित दमक एग्रीकल्चर फार्म प्रालिमा रहेका कुखुरामा बर्डफ्लू संक्रमण पुष्टि भएको हो। फार्ममा कुखुराहरू मर्न थालेपछि त्यहाँका सञ्चालकले कुखुरा परीक्षणका लागि बिराटनगर ल्याब पठाएका थिए। विराटनगरले केन्द्र ल्याब काठमाडौँ पठायो।

काठमाडौँ ल्याबबाट बर्डफ्लू संक्रमण पुष्टि भएको पत्र शनिवार प्राप्त भएको जानकारी गराउँदै केन्द्रकी प्रमुख भट्टराईले भनिन्- 'आइतबार कोशी प्रदेश सरकारको रेपिड रेस्पोन्स टिम पठाइसकियो। सो टिमले चार किल्ला तोकेर फर्ममा कति संख्यामा कुखुरा थिए, कति मरे त्यसको अध्ययन गरिसकेको छ। अध्ययन प्रतिवेदन प्राप्त भएपछि तुरुन्त प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसी कुखुरा मार्न टोली परिचालन गर्छौं।' बर्डफ्लू संक्रमण पुष्टि भएका फर्मलाई राज्यले क्षतिपूर्ति दिने व्यवस्था रहेको भट्टराईले बताइन्।

त्यस्तै झापा गाउँपालिका-७स्थित सुदीक्षा कृषि फार्मका कुखुरामा पनि एचवान लो प्याथोजेनिक बर्डफ्लू संक्रमण देखा परेको छ। स्थानीय दुर्गाप्रसाद भट्टराईले पालेको कुखुरामा लो प्याथोजेनिक बर्डफ्लु उपचारबाट निको हुनसक्ने भएकोले त्यसलाई त्यति गम्भीर रुपमा लिएका छैनौँ। लो प्याथोजेनिक संक्रमण देखिएकालाई राज्य क्षतिपूर्ति पनि दिँदैन। 'त्यसैले ती फार्मलाई चाहिने केही आवश्यक सामग्री कार्यालयबाटै उपलब्ध गराएका छौँ'- प्रमुख भट्टराईले भनिन्।

नेपालमै पहिलो पटक बर्डफ्लू संक्रमण झापामा फेला परेको थियो। २०६५ साल माघमा काँकरभिट्टामा बर्डफ्लू संक्रमण फेला परेको र त्यसबेला नियन्त्रणका लागि २८ हजारभन्दा बढी कुखुरा तथा चल्ला नष्ट गरिएको थियो। त्यसपछि २०६९ र २०७८ सालमा पनि बर्डफ्लू संक्रमण देखा परेको पशु सेवा विज्ञ केन्द्र झापाले जनाएको छ।

### इप्रका बिर्तामोडको एकपछि अर्को प्रकरण सार्वजनिक हुँदै

# प्रहरीद्वारा हिरासतमा यातना र आर्थिक चलखेल

**झापा, चैत ८।** इलाका प्रहरी कार्यालय अनारमनीको हिरासतभित्र हुने यातना र आर्थिक अनियमितताबारे थप गम्भीर आरोप सार्वजनिक भएका छन्। प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठको नेतृत्वमा रहेको उक्त कार्यालयमा हिरासतभित्रै नागरिकमाथि चरम यातना दिने गरिएको पीडितहरूको दावी छ।

अपराध न्यूनीकरण र शान्ति सुरक्षाको जिम्मेवारी बोकेको प्रहरीले नै हिरासतमा राखिएका नागरिकमाथि अमानवीय व्यवहार गर्ने गरेको आरोप पछिल्ला घटनाक्रमसँगै सतहमा आएको हो। डीएसपी श्रेष्ठको प्रत्यक्ष निर्देशनमा कुटपिट हुने गरेको भन्दै पीडितहरू खुलेर बोल्न थालेका छन्।

यसअघि बिर्तामोडका युवा व्यवसायी कृष्ण अग्रवालमाथि हिरासतभित्र कुटपिट भएको घटना सार्वजनिक भएको थियो। त्यसपछि १४ वर्षीया बालिका आसिना खातुनलाई गैरकानूनी रूपमा पक्राउ गरी यातना दिएको प्रकरणले थप तरंग पैदा गरेको थियो।

यसैक्रममा बिर्तामोडका अर्का व्यवसायी रमेशकुमार राजवंशीमाथि पनि इलाका प्रहरी कार्यालय अनारमनीभित्रै कुटपिट गरिएको आरोप सार्वजनिक भएको छ। सामाजिक सञ्जालमा 'हेल्लो राजवंशी' नामक पेजमार्फत उनको अनुहार रगताम्य अवस्थाको तस्वीर सार्वजनिक भएसँगै घटनाले थप




चर्चा पाएको हो।

पूर्वाञ्चल दैनिकसँगको कुराकानीमा राजवंशीले गत पुस ३० गते आफूलाई प्रहरीले घरबाटै नियन्त्रणमा लिएर कुटपिट गर्दै कार्यालय पुऱ्याएको बताएका छन्। प्रश्न सोधेकै भरमा पक्राउ गरी गाडीभित्रै कुटपिट गरियो- उनले भने- हामीले बर्दीको सम्मान गरिरहेका छौं, नत्र चुप लागेर बस्ने अवस्था छैन। राजवंशी समाज विकास समिति बिर्तामोडका उपाध्यक्षसमेत रहेका उनले प्रहरीको व्यवहार मानवअधिकारविरुद्ध भएको आरोप लगाए। दोषीमाथि कारबाही हुनुपर्ने माग गर्दै उनले राज्य संयन्त्रले पीडितको पक्षमा काम नगरेको गुनासो गरे।

उनले आफ्नो उद्योगमा समेत प्रशासनकै मिलेमतोमा डोजर चलाइएको र त्यस क्रममा करोडौंको क्षति भएको दाबी गरेका छन्। फर्जी कागजका आधारमा २०८० वैशाख ३० गते उद्योग भत्काइयो- उनले भने- राज्यले एकपटक पनि वास्तविकता बुझ्ने प्रयास गरेन।

यता, इलाका प्रहरी कार्यालयभित्रै मुद्दा मिलाउन आर्थिक लेनदेन हुने गरेको आरोप पनि सार्वजनिक भएको छ। वरिष्ठ प्रहरी नायव निरीक्षक देवराज निरौला र सहायक हवल्दार विनोद तामाङको संलग्नतामा 'सेटिङ' मिलाइने र रकम नदिए पीडितलाई दुःख दिने गरिएको स्रोतको दाबी छ। एक प्रहरी अधिकृतले नाम नबताउने शर्तमा भने- डीएसपी श्रेष्ठ आर्थिक लेनदेनमा संलग्न छन्, जुनसुकै बेला समस्यामा पर्न सक्छन्।

*(बाँकी अन्तिम पृष्ठमा)*

## वडाध्यक्षलाई दुर्व्यवहार गर्ने वडा सदस्य पक्राउ

**झापा, चैत ८।** झापाको गौरीगञ्ज गाउँपालिका-६स्थित वडा कार्यालयमा वडाध्यक्ष तथा कर्मचारीमाथि दुर्व्यवहार गर्ने एक जना वडा सदस्य पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सोही वडाका वडा सदस्य ३२ वर्षीय नितेशकुमार साह रहेका छन्। उनले आइतबार बिहान करिब ११ बजे मादक पदार्थ सेवन गरी वडा कार्यालयमै पुगेर वडाध्यक्ष ४५ वर्षीय बद्रीनारायण यादवसहित त्यहाँ कार्यरत कर्मचारीलाई तथानाम गालीगलौज गरेका थिए।

वडाध्यक्ष यादव र सदस्य साह दुवै नेपाली कांग्रेसबाट निर्वाचित जनप्रतिनिधि हुन्। उनीहरूबीच मामा-भान्जाको नातासमेत रहेको जनाइएको छ। भारतबाट भागेर आएका केटाकेटीको विषय मिलाउने क्रममा विवाद बढ्दै जाँदा उक्त घटना भएको स्रोतले जनाएको छ। घटनापछि वडाध्यक्ष यादवले साँझ ५ बजे इलाका प्रहरी कार्यालय गौरीगञ्जमा गालीबेइज्जती, धाकधम्की तथा अभद्र व्यवहार गरेको भन्दै लिखित जाहेरी दिएका थिए। जाहेरीका आधारमा प्रहरी बरिष्ठ नायब निरीक्षक मानबहादुर मिश्रको नेतृत्वमा खटिएको टोलीले साहलाई नियन्त्रणमा लिएको छ। पक्राउ परेका साहलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## नसर्ने रोगको खोजपड्ताल

### मधुमेह, उच्च रक्तचाप र मृगौलाको समस्या उच्च हुँदै



**पाँचथर, चैत ८।** हिलिहाङ गाउँपालिकाले सञ्चालन गरेको नसर्ने रोगको खोजपड्ताल (स्क्रिनिङ) कार्यक्रममा १२ प्रतिशत मानिसमा नसर्ने रोगहरू देखापरेका छन्।

समुदायका ३० वर्षभन्दा माथिका चार सय ४३ जना मानिसहरूको स्वास्थ्य परीक्षण गर्दा १२ प्रतिशत मानिसहरूमा मधुमेह, उच्च रक्तचाप, मिर्गौलाको समस्याजस्ता नसर्ने रोगका लक्षणहरू देखिएका हुन्।

स्वास्थ्य परीक्षणका लागि नआएका र गाउँ समाजमा आफ्नै काममा व्यस्त रहेका मानिसहरूको स्वास्थ्य परीक्षण गर्दा यस्तो अवस्था देखिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख चन्द्रप्रसाद शर्मा घिमिरेले जानकारी दिए। मधुमेह र उच्च रक्तचापको समस्याले सताए पनि स्वास्थ्य परीक्षण नै नगराइ बसेका मानिससमेत भेटिएको र उनीहरूलाई परामर्श तथा उपचारको प्रबन्ध गरिएको घिमिरेले बताए।

न्यूनतम १२ प्रतिशत स्वस्थ देखिने मानिसहरूमा नसर्ने रोगका लक्षण फेलापरेका छन्- उनले भने- हामीले गत वर्षदेखि नै नसर्ने रोग पहिचानको अभियान चलाइरहेका छौँ। जसमा उल्लेख्य मात्रामा बिरामी भेटिने गरेको छ।

यहाँका स्वास्थ्य संस्थाहरूले विवाह, भोजभतेरजस्ता सामाजिक तथा धार्मिक कार्यक्रममा पनि सहभागीहरूको स्वास्थ्य परीक्षण गर्ने गरेका छन। मानिसहरू ठूलो स्वास्थ्य समस्या भएपछि मात्रै उपचारका लागि आउने र यो अवस्थासम्म धेरै ढिला भइसकेको हुने देखिएकाले खोजपड्ताल कार्यक्रम चलाइएको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले नै मधुमेह र उच्च रक्तचापका बिरामीका लागि निःशुल्क रूपमा औषधि वितरण गर्दै आएको घिमिरेले जानकारी दिए।

यस्तै स्वास्थ्यसम्बन्धी सचेतना फैलाउन गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा 'सेटलाइट क्लिनिक' सञ्चालन गर्ने व्यवस्था गरी स्थानीय स्वास्थ्य संस्थाको पहुँचमा नरहेका व्यक्तिहरूलाई प्राथमिक उपचार, पोषण, सुरक्षित मातृत्व, परिवार नियोजनका साधनको प्रयोगलगायत विषयमा जानकारी गराउँदै आएको छ। यो कार्यक्रम यहाँका सबै वडामा प्रत्येक महिनामा दुई दिन सञ्चालन हुने गरेको उनले जानकारी दिए।

नसर्ने रोगको खोजपड्तालकै क्रममा यहाँका चार जना बासिन्दामा कालाजार र छ जनामा क्षयरोग फेलापरेको छ। सामान्यतया कालाजारको

*(बाँकी अन्तिम पृष्ठमा)*

## बुद्धशान्तिमा चितुवा मारियो, पाँच सशस्त्र प्रहरी घाइते

**झापा, चैत ८।** झापाको बुद्धशान्ति गाउँपालिका-४मा देखिएको चितुवालाई स्थानीयको भीडले ढुंगा प्रहार गरी मारेका छन्।

चितुवा नियन्त्रण प्रयासका क्रममा स्थिति नियन्त्रणभन्दा बाहिर गएपछि आक्रोशित स्थानीयले कुटेर चितुवालाई मारेका हुन्।

चितुवालाई नियन्त्रणमा लिन खटिएको सशस्त्र प्रहरी बल नेपाल टिमाई बेस क्याम्पको टोली समेत भीडको चपेटामा परेको थियो। सो क्रममा सशस्त्र प्रहरी नायब निरीक्षक केदार श्रेष्ठसहित पाँच

*(बाँकी अन्तिम पृष्ठमा)*

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।**

- मौसम तथा जलवायु सम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमित रुपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामुहिक प्रयास गरौं,
- वन संरक्षण र बृक्षरोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं।

**वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

## हेप्पील्याण्ड फनपार्कमा झडप, ६ जना पक्राउ



**झापा, चैत ८।** झापाको हेप्पील्याण्ड फनपार्क मा डिजे बजाएर नाच्ने क्रममा दुई समूहबीच विवाद हुँदा झडप भएको छ।

झडपमा पाँच जना घाइते भएका छन् भने प्रहरीले ६ जनालाई नियन्त्रणमा लिएको छ। घाइते हुनेहरूमा झापा गाउँपालिका-५का १८ वर्षीय मानारुल आलम, १८ वर्षीय अन्सारुल अली, २० वर्षीय फिरोज अली, २० वर्षीय तामेजल खान र २४ वर्षीय समान शेख रहेका छन्। घाइतेमध्ये मानारुल, अन्सारुल र समानको बिर्तासिटी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ भने अन्य उपचारपछि डिस्चार्ज भएका छन्।

घटनामा संलग्न रहेको आरोपमा बाह्रदशी गाउँपालिका-४का १९ वर्षीय साहिद खान, १९ वर्षीय सन्जाद आलम, २२ वर्षीय आसिक आलम, १७ वर्षीय सोहेल आलम, १८ वर्षीय सानाबाज आलम र १८ वर्षीय साहिल आलमलाई प्रहरीले पक्राउ गरेको जनाएको छ।

इलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरी टोलीले स्थिति नियन्त्रणमा लिएको थियो। पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**१००% ग्यारेन्टीका साथ ज्योतिष सेवा**

तपाईहरुको भूतकाल, भविष्य र वर्तमान जस्ताको त्यस्तै स्पष्ट बताइदिने प्रखर ज्योतिष

सम्पर्क: NISHANT M JOTIC KENDRA
Newmarket, Panitanki | P.O. Dulaljote-734429 | Dist. Darjeeling, Westbangal
INDIAN NO: CALL & WHATSAPP +91-81598-50995
NEPALI NO CALL +977-98401-64453
Yubtube: Nishat M Jotic kendra

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

# राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

## नीतिगत सुधार र उद्यमशीलतामा जोड

**काठमाडौँ, चैत ८।** 'उद्यमशीलता फैलाऔँ, युवालाई स्वरोजगार बनाऔँ' भन्ने मूल नारासहित पाँचौं राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन आइतवारदेखि काठमाडौँमा शुरु भएको छ।

नेपालमा लघुवित्त कार्यक्रम सञ्चालन गर्दै आएका प्रमुख संस्थाहरूको सक्रिय पहल तथा स्वावलम्बन विकास केन्द्रको संयोजनमा आयोजना गरिएको उक्त सम्मेलनमा विभिन्न तहका विशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको छ।

सम्मेलनमा नियामक निकायका प्रतिनिधि, नीति निर्माता, सरकारी उच्च अधिकारी, लघुवित्त संस्थाका अध्यक्ष तथा सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, लघुवित्तकर्मी तथा सेवाग्राही सदस्यसहित ६०० भन्दा बढीको सहभागिता रहेको आयोजकले जनाएको छ। दुई दिनसम्म सञ्चालन हुने यस सम्मेलनले लघुवित्त क्षेत्रका उपलब्धि, समस्या तथा चुनौतिहरूबारे गम्भीर समीक्षा गर्दै भावी रणनीति निर्धारण गर्ने अपेक्षा गरिएको छ।

सम्मेलनको उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले नेपालको गरिबी न्यूनीकरणमा लघुवित्त क्षेत्रले पुऱ्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गरे। उनले देशव्यापी रूपमा गरिबी दरमा कमी आए पनि दुर्गम क्षेत्रका कतिपय स्थानीय तहमा अझै उच्च दरमा गरिबी कायम रहेकाले लघुवित्त संस्थाले आफ्नो पहुँच ती क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए। उनले कोभिड-१९ पछिको आर्थिक सुस्तता, संस्थागत सुशासनको अभाव तथा बढ्दो निष्क्रिय कर्जालाई लघुवित्त क्षेत्रका प्रमुख चुनौतीका रूपमा उल्लेख गर्दै संस्थागत सुधार र वित्तीय अनुशासनमा विशेष ध्यान दिनुपर्ने बताए।

साथै, अबको लघुवित्त प्रणाली परम्परागत कर्जा प्रवाहमा सीमित नरही 'क्रेडिट प्लस' मोडेलमार्फत उत्पादनको बजारीकरण र उद्यम विकासमा केन्द्रित हुनुपर्ने धारणा उपाध्यक्ष डा. श्रेष्ठले व्यक्त गरे।

सम्मेलन आयोजक समितिका अध्यक्ष शङ्करमान श्रेष्ठले लघुवित्त संस्थाहरूले आफ्नो भूमिकालाई समयसापेक्ष रूपमा पुनःपरिभाषित गर्नुपर्ने आवश्यकता औँल्याए। उनले लघुवित्त केवल कर्जा प्रवाह गर्ने माध्यम नभई उद्यमशीलता विकासको आधार बन्नुपर्नेमा जोड दिए।

हाम्रा सदस्यहरूलाई ऋणी मात्र नभई सक्षम उद्यमीका रूपमा रूपान्तरण गर्न सकेमा उनीहरूको आयस्तर वृद्धि हुनुका साथै संस्थागत दिगोपनासमेत सुनिश्चित हुन्छ- अध्यक्ष श्रेठले भने। उनले नोबेल पुरस्कार विजेता मोहम्मद युनुसद्वारा प्रतिपादित 'थ्री जिरो' अवधारणालाई लघुवित्त क्षेत्रको मार्गदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गर्नुपर्नेमा पनि जोड दिए।

त्यस्तै, लघुवित्त क्षेत्रमा देखिँदै आएका बहुबैंकिङ, तथ्याङ्कीय दोहोरोपनालगायतका विकृतिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै उहाँले यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न नियामक निकाय र सम्बन्धित संस्थाहरूले समन्वयात्मक पहल गर्नुपर्ने आवश्यकता औँल्याए।

नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले लघुवित्त क्षेत्रलाई थप सुदृढ र प्रभावकारी बनाउन 'लघुवित्त विकास कोष' स्थापना गर्नुपर्ने प्रस्ताव राखेका थिए। उनले सरकार तथा अन्तरराष्ट्रिय विकास साझेदार निकायहरूसँगको सहकार्यमा सहुलियत दरमा स्रोत परिचालन गर्ने व्यवस्था मिलाउन सकेमा विपन्न वर्गले सहज रूपमा कर्जा प्राप्त गर्ने र समग्र अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे।



अध्यक्ष यादवका अनुसार हाल सञ्चालनमा रहेका लघुवित्त संस्थामार्फत करिब २७ लाख व्यक्तिले कर्जा सेवा लिइरहेका छन् भने कूल कर्जा लगानी करिब रु. पाँच खर्ब पुगेको छ। यस क्षेत्रले प्रत्यक्ष रूपमा करिब २२ हजारलाई रोजगारी प्रदान गरेको उनको भनाइ छ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले लघुवित्त क्षेत्र मुलुकको वित्तीय प्रणालीको अपरिहार्य अङ्ग भएको स्पष्ट पारे। उनले दुर्गम तथा पहुँचविहीन क्षेत्रमा साना तथा विना धितो कर्जा उपलब्ध गराउने कार्यमा लघुवित्तको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे। उनले पछिल्लो समय खराब कर्जा वृद्धि हुनु चिन्ताको विषय भएको उल्लेख गर्दै विगतका कमजोरीहरू सच्याउँदै सेवा गुणस्तर अभिवृद्धिमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याए। नियामक निकायले मर्जर नीति, कर्जा सीमा निर्धारण तथा बहुबैंकिङ नियन्त्रणजस्ता उपायहरू अवलम्बन गरिसकेको जानकारी पनि कार्यकारी निर्देशक पौडेलले दिए।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरीले सहकारी क्षेत्रप्रति नकारात्मक धारणा निर्माण गर्ने प्रयासप्रति ध्यानाकर्षण गराउँदै लघुवित्त सम्बन्धी कार्य गर्ने सहकारीहरूले उल्लेखनीय योगदान पुऱ्याइरहेको बताए। उनले सदस्यहरूलाई उद्यमशील बनाउने दिशामा सहकारी र लघुवित्त संस्थाहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता औँल्याए।

सम्मेलन अन्तर्गत सात सत्रमार्फत लघुवित्तका विविध आयाममा गहन छलफल तथा अन्तर्क्रिया हुने कार्यक्रम रहेको छ। सदस्यको अनुभव, वर्तमान अवस्था र चुनौति, 'क्रेडिट प्लस' कार्यक्रम, प्रविधिको प्रयोग, युवास्वरोजगार, मानसिक स्वास्थ्य व्यवस्थापन तथा क्षेत्रगत सुधारका विषयहरूमा विशेषज्ञहरूबीच विचारविमर्श हुने आयोजकले जनाएको छ। स्वावलम्बन विकास केन्द्रले २०७३ सालदेखि प्रत्येक दुई वर्षमा यस्तो सम्मेलन आयोजना गर्दै आएको छ।

नेपाल राष्ट्र बैंकको गत असोज मसान्तसम्मको तथ्याङ्कअनुसार देशभर सञ्चालनमा रहेका ५२ लघुवित्त वित्तीय संस्थाले पाँच हजारभन्दा बढी शाखामार्फत ६२ लाखभन्दा बढी नागरिकलाई सेवा प्रदान गरिरहेका छन्, जसमध्ये करिब ९५ प्रतिशत महिला रहेका छन्। हाल करिब २७ लाख सदस्यले कर्जा उपयोग गर्दै विभिन्न व्यवसाय सञ्चालन गरिरहेका छन्।

लघुवित्त क्षेत्रले गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, आर्थिक तथा सामाजिक रूपान्तरण, साक्षरता अभिवृद्धि र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

## आबाट आमाले मनायो ५१ दिन




फिल्म 'आबाट आमा' ले आइतबार प्रदर्शनको ५१ दिन मनाएको छ। यस अवसरमा राजधानीमा आयोजित समारोहमा निर्माताले प्राविधिक, कलाकार, सञ्चारकर्मी, वितरक, प्रदर्शकलाई सम्मान पत्र प्रदान गरे।

सो अवसरमा निर्देशक चन्द्र पन्तले साथको लागि दर्शकलाई धन्यवाद दिए। उनका अनुसार, फिल्मले आइतबार मुलुकका २५ हलमा प्रदर्शनको यो उपलब्धि हासिल गरेको हो।

चलचित्र विकास बोर्डका अनुसार, फिल्मले अहिलेसम्म कम्तीमा १३ करोड रुपैयाँ ग्रसको आँकडा पार गरेको छ। पहिलो भागले व्यवसायिक सफलता प्राप्त गरेपछि कार्यक्रममा दोस्रो श्रृंखला चाँडै ल्याउने घोषणा समेत गरियो। निर्देशक पन्तका अनुसार बैशाख दोस्रो साताभित्र 'आबाट आमा २' को छायांकन शुरु हुँदैछ।

## बुद्धशान्तिमा ...

जना सशस्त्र प्रहरी घाइते भएका छन्। घाइतेहरूको अवस्था सामान्य रहेको जनाइएको छ।

यसअघि बिहान करिब ८ बजे बुद्धशान्ति-४स्थित टिमाई शिविर नजिकै मकैबारीभित्र चितुवा देखिएको थियो। स्थानीयले खबर गरेपछि चितुवा हेर्न ठूलो भीड जम्मा भएको थियो।

डिभिजन वन कार्यालय झापाको टोलीले चितुवालाई नियन्त्रणमा लिन प्रयास गरे पनि सफल हुन सकेन। त्यसपछि कोशी टप्पु वन्यजन्तु आरक्षबाट विशेषज्ञ टोली बोलाइएको थियो। तर, विज्ञ टोली आइपुग्नुअघि नै स्थानीयको भीडले चितुवामाथि ढुंगा र लाठ्ठी प्रहार गर्दै मारेको हो। वन्यजन्तु संरक्षण सम्बन्धी सचेतना अभाव र भीड नियन्त्रणको कमजोरीका कारण घटना भएको सरोकारवालाहरूले बताएका छन्।

## प्रहरीद्वारा ...

यसबीच लागूऔषध नियन्त्रणसँग सम्बन्धित निकायसँग समेत मिलेमतो रहेको आशंका गरिएको छ। लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाका प्रहरी नायव निरीक्षक सोमेश लामिछानेसँगको समन्वयमा बिर्तामोड केन्द्रित गतिविधिमा आर्थिक लेनदेन हुने गरेको स्रोतको दावी छ। नागरिकको शान्ति सुरक्षा सुनिश्चित गर्नुपर्ने निकायमाथि यस्ता गम्भीर आरोप सार्वजनिक भइरहँदा घटनाको निष्पक्ष छानविन र दोषीमाथि कारबाहीको माग तीव्र बन्दै गएको छ।

## विभिन्न ...

ललितपुर महानगरपालिका-७ बस्ने कास्की घर भएका ३३ वर्षीय आशिष महत र भक्तपुर मध्यपुरथिमी नगरपालिका-४ बस्ने रामेछाप घर भएकी ३५ वर्षीया संगीता श्रेष्ठ रहेका छन्।

पक्राउमध्ये अर्जुनले क्रोएशिया पठाइदिन्छु भन्दै एक जनाबाट ३ लाख ३० हजार रूपैयाँ, डिल्लीले माल्दिभ्स पठाइदिन्छु भन्दै एक जनाबाट २ लाख ९९ हजार रूपैयाँ, उमाले बेलायत पठाइदिन्छु भन्दै एक जनाबाट २ लाख रूपैयाँ, आशिषले बेलायत पठाइदिन्छु भन्दै एक जनाबाट २३ लाख रूपैयाँ र संगीताले पोर्चुगल पठाइदिन्छु भन्दै एक जनाबाट ३ लाख ६८ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उमा र संगीतालाई काठमाडौं महानगरपालिका-१२ बाट तथा आशिषलाई काठमाडौं महानगरपालिका-१०बाट पक्राउ गरेको हो। साथै अर्जुनलाई काठमाडौं महानगरपालिका-४ बाट र डिल्लीलाई काठमाडौं महानगरपालिका-९ बाट प्रहरीले पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## नसर्ने ...

सङ्क्रमण पहाडी क्षेत्रमा विरलै हुने भए पनि यहाँ चार जना बिरामी फेला परेपछि स्वास्थ्य संस्थामार्फत सचेतनाका कार्यक्रमलाई विस्तार गरिएको स्वास्थ्य शाखा प्रमुख घिमिरेले बताउनुभयो। यस्तै क्षयरोगका बिरामीलाई नियमित औषधि सेवनमार्फत निको पार्न र अन्य बिरामीको पहिचानका लागि खोजपड्ताल कार्यक्रमलाई निरन्तरता दिइएको घिमिरेको भनाइ छ। खोजपड्ताल कार्यक्रमले आगामी दिनमा बजेट विनियोजन तथा औषधि खरिद गर्न सहज भएको र सम्बन्धित बिरामी रोगबाट जटिल अवस्थामा पुग्नबाट बचेको उनले बताए।

गाउँपालिका अध्यक्ष समरबहादुर अधिकारीले खोज र खोप अभियान अन्तर्गत धेरै बिरामी फेला पर्ने गरेका कारण खोज पड्ताल, सचेतना, उपचार र औषधि वितरणका लागि स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहित गरिएको बताए।


# भिटा विक्रीमा

**बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसँगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।**

**मो. ९८०७९२२३०१**

# तु-आवश्यकता

**बिर्तामोड-५मा रहेको बस्नेत फ्रेस हाउसको लागि कामदारको आवश्यकता परेकोले सम्पर्क गर्नुहोला।**

**१) खसी काट्न मासु बनाउन जान्ने पुरुषः १ जना**

**२) चिकन बनाउन जान्ने महिला/पुरुष-१ जना**

**खान, बस्न, एप्रोन र मेडिकलको व्यवस्थासहित**

**नोटः खसी बनाउन (काटन जान्नेलाई) रु. १८०००।- र कुखुरा बनाउन (काट्न जान्नेलाई) रु. १५०००।-को व्यवस्था छ।**

**मो. ९८०३४०१९७०**

# आवश्यकता सम्बन्धी सूचना

यस सहारा साकोस शिक्षा सदनका लागि तपशिलमा उल्लेखित पदमा कर्मचारी आवश्यक भएकोले योग्य तथा इच्छुक व्यक्तिहरुलाई निर्धारित समय भित्र दरखास्त दिनु हुन जानकारी गराइन्छ।

**पद : सवारी चालक, सेवाको प्रकृतिः करार संख्या : केही**

योग्यता :

- न्यूनतम एस.ई.ई उत्तीर्ण
- सवारी चालक अनुमति पत्र (लाइसेन्स A, B, G) भएको,
- विद्यालयको बस सवारी चलाउने अनुभवी
- इमान्दार, अनुशासित र समयको पालन गर्ने।
- उमेरको हकमा ३० वर्ष पूरा भई ४५ वर्ष ननाघेको
- कुनै पुनि प्रकारको फौजदारी अभियोग नलागेको

**आवश्यक कागजातहरु :** शैक्षिक प्रमाणपत्र, नागरिकताको प्रमाण-पत्र, सवारी चालक अनुमति पत्र, २ प्रति पासपोर्ट साइज फोटो र निरोगिताको प्रमाण-पत्र।

**आवेदन दिने अन्तिम मिति :** २०८२ चैत १७ गतेसम्ममा सहरा साकोस शिक्षा सदन प्रशासन शाखा, विर्तामोड २, चारपाने झापा। छोटो सूचीमा परेका आवेदकहरुलाई मात्र प्रक्रियामा समावेश गराइनेछ। छनौट प्रक्रिया अन्तर्वाता तथा प्रयोगात्मक रहनेछ र सेवा सुविधा विद्यालयको नियमानुसार हुनेछ।

# TEACHING PROFESSIONALS REQUIRED

**Inventure Education Academy** is seeking qualified, dedicated, and passionate teaching professionals to join our team for the academic year 2083.

**Available Positions:**

| SN | Subjects | Levels | Qualifications | Experiences |
|---|---|---|---|---|
| 1 | Maths | Secondary Level | Bachelor's degree in Maths/Science | Minimum 2 years in Secondary level |
| 2 | Computer Science | Basic Level | Class 12 / Bachelor running in IT | 2 years of experience |
| 3 | Grade Teacher | Pre-Primary Level | Class 12 and above Montessori trained will be given priority | 2 years of experience in related field |

The candidates must be fluent in spoken English. They should be committed to student development and academic excellence.

Salary and benefits will be according to the school policies however there is a room for negotiation for deserving candidates. Interested candidates are encouraged to apply with an updated CV and relevant documents at the school's office or send through email at: **amritbasnet2010@gmail.com.**


Principal

**Inventure Education Academy**

Birtamod-3, (near Transport Management Office) Jhapa

023-591328, 9816053601

# वरिष्ठ मुटु रोग विशेषज्ञ



**DR. RAJESH KUMAR PANJIYAR**

MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरू**

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**

अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा

०२३-५९११७४, ९८२०४९११७४


# झापा जिल्ला अदालत, भद्रपुर, झापाको

# सूचना

**विशेष प्रकृतिका निवेदन शाखा (नि.नं. ०८२-०१-०००१**

**झापा जिल्ला अदालतबाट जारी भएको तुलाधन राईको नाति श्याम कुमार राईको छोराहरु जिल्ला झापा साविक सतासीधाम गा.वि.स वडा नं. ०७ हाल परिवर्तित ऐ. शिवसताक्षी न.पा वडा नं.०९ बतन भएका नरेन राई र सुरेन्द्र राईको मृत्युको न्यायिक घोषणा सम्बन्धी हकवाला नाउँको १५ (पन्ध्र) दिनको म्याद।**

**प्रस्तुत विषयमा जिल्ला झापा साविक सतासीधाम गा.वि.स वडा नं. ०७ हाल परिवर्तित ऐ. शिवसताक्षी न.पा वडा नं. ०९ बस्ने देवी माया राईलेले मेरो दुई छोराहरु नरेन राई बि.सं. २०५८ सालमा सुरेन्द्र राई बि.स.२०६८ सालबाट एक्कासी घर छाडी हिाडी हालसम्म पनि घर नआएको र त्यस पश्चात खोजतलास गर्दा समेत हालसम्म फेला नपरेकोले निजहरुको मृत्युको न्यायिक घोषणा गरिपाउँ भनी यस अदालतमा निवेदन दिएकोमा उक्त निवेदनमा यस अदालतबाट मिति २०८२।११।०५ मा भएको आदेशानुसार नरेन राई र सुरेन्द्र राईको नाउँको १५ (पन्ध्र) दिने म्याद पत्रिकामा प्रकाशित गरिएको छ। नरेन राई र सुरेन्द्र राई जिवित भई मृत्युको न्यायिक घोषणा गर्नु नपर्ने कारण भए यो म्याद प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस अदालतमा हाजिर हुन आउनुहोला। अन्यथा कानून बमोजिम हुनेछ।**

*- ईति सम्वत २०८२ साल चैत ०८ गते रोज ०१ शुभम् ...*

# मेचीनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**इटाभट्टा, झापा कोशी प्रदेश, नेपाल**

# घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. १२ बस्ने श्री लीला श्रेष्ठले निजको नाममा दर्ता रहेको साविक ५ हाल मेचीनगर-१२ स्थित मार्गमा पर्ने ११०३ क्षेत्रफल ००-००-१४ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री जितमान तामाङ/रमिला राई मिति २०८२।११।२८ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | मेचीनगर-१२<br>साविक ०५<br>कि.नं. ११०३<br>क्षेत्रफल ००-००-१४ | लम्बाई १०.८<br>चौडाई ७.८<br>उचाई ३.०<br>क्षेत्रफल ८४.२४ मिटर | पूर्व श्री जितबहादुर तामाङ्ग<br>पश्चिम श्री बाटो<br>उत्तर श्री विष्णुमाया तामाङ<br>दक्षिण श्री रमिला राई |


# बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा


**वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा**

**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- **प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म**
- **पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा**

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




**सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रेसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

**सम्पादकीय**

## मखना खेती : उज्यालो संकेत

**पोषक तत्वले भरिपूर्ण मानिन्छ– मखनालाई । यसमा पाइने पोषकतत्वका कारण मखनालाई 'सुपर फुड' पनि भनिन्छ । कुनै रासायनिक मल वा किटनाशकको उपयोग नगरिने मखनालाई अर्ग्यानिक खाद्य पनि भन्ने गरिएको छ । यसलाई आहारमा नियमित प्रयोग गरे स्वास्थ्य सम्बन्धी अनेकन फाइदा पाउन सकिने अनुसन्धानले देखाएको छ । यसमा प्रोटिन र फाइबरको मात्रा धेरै हुन्छ, भिटामिन सी, क्याल्सियम, आइरन, जिंक, पोटासियम, म्याग्नेसियम र फस्फोरसको मात्रा पनि प्रचुर हुने पोषणविद्को भनाइ छ । पोषकतत्वको राम्रो स्रोत मानिएको मखनाले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउने भएकाले सबै उमेर समूहका लागि यी उत्तम खाद्य वस्तु मानिन्छ ।**

**पछिल्लो समय सानादेखि ठूला व्यापारिक पसल तथा प्रतिष्ठानहरुमा मखना उपलब्ध छ । खासगरी स्वास्थ्यप्रति सचेत मानिसले मखनालाई बढी रुचाउन र खाद्य वस्तुमा सामेल गर्ने प्रचलन बढ्दै गएको छ । नेपाली बजारमा जतासुकै छ्यापछ्याप्ती पाइने र बिक्री हुने मखनाको उत्पादन भारतमा हुन्छ । भारतको पनि बिहार राज्यमा बढी खेती गरिने भएकाले नेपाली बजारमा त्यही मखना बिक्री भइरहेको छ । पोषणविद् तथा चिकित्सकहरुले मखनाको नियमित सेवनले हड्डी बलियो बनाउने, छालाको स्वास्थ्य ठिक राख्ने, तौल नियन्त्रण गर्ने, मुटुको स्वास्थ्य सुधारमा मद्दत गर्ने उल्लेख गरेका छन् ।**

**स्वास्थ्यका लागि अति लाभकारी मानिएका मखना पोखरीको वा सिमसार क्षेत्र अथवा तालको शान्त पानीमा उम्रिन्छ यस हिसाबले नेपालको तराई मखना खेतीका लागि अनुकूल हुन्छ । हावापानीका दृष्टिले पनि उपयुक्त हुने यसको व्यावसायिक खेती गरिए किसानले राम्रै लाभ लिन सक्ने थिए । हिन्दू परम्परा र मान्यता अनुसार मखना देवताको प्रिय खाद्यवस्तु हो । त्यहीकारण हुनसक्छ मिथिलाञ्चलमा मखनाको महत्त्व धेरै थियो र छ । त्यसैले नेपालमा पहिलो र व्यावसायिक खेतीका रुपमा महोत्तरी जिल्लामा यसको खेती पहिचानयोग्य कृषि कर्म बनिएको छ । दश वर्षअघि शुरु गरिएको यसको खेतीबाट किसानले राम्रै लाभ लिने गरेका छन् ।**

**यतिखेर पूर्वी नेपालको देशकै होचो स्थानको परिचय बनाएको झापाको कचनकबलमा पहिलो पटक मखनाको व्यावसायिक खेती गरिँदैछ । पहिलो चरणमा पच्चीस विगाह जमिनमा खेती गर्न लागिएको पालिका उपाध्यक्ष नवराज भट्टराईले बताएका छन् । कचनकबल र झापा गाउँपालिकाका कृषहरुले संगठीत रुपमा गर्न थालेको यसको विस्तार तथा व्यवस्थापन र सम्बर्द्धन गर्न सकिए खेर गएको जमिनबाट त्यहाँको समृद्धिमा योगदान पुग्नेछ । जहिल्यै पानी हुने 'दलदल' जमिनलाई सदुपयोग गर्दै मखना खेती गर्न उत्साहित किसानलाई स्थानीय पालिका र कृषि शाखाले आवश्यक प्रबन्ध गरिदिने हो भने यसले किसानको आर्थिक स्तर मात्र उकास्ने होइन, आयात प्रतिस्थापनमा समेत योगदान पुऱ्याउने छ । यसबाट त्यहाँको पर्यटन प्रवर्द्धन गर्न र राष्ट्रको समृद्धिमा समेत बल पुग्ने निश्चित छ ।**

# नागरिक विवेकमा लुकेको शक्ति



**विनोद न्यौपाने**



नागरिकले राजनीतिक दलको आफूसँगको सम्बन्धको स्तर मापन गरिदिएका छन् । नयाँस्तर मापनले शक्तिको सदुपयोग गर्न जानिएन भने शक्तिहीन भइँदोरहेछ भन्ने पुष्टि गरिदिएको छ। शक्ति नहुनेको पनि दिन आउँदो रहेछ। आवधिक चुनावमा एक मत दिने बाहेक के अधिकार थियो र नागरिकसँग ? नागरिकले जानेर होस् वा नजानेर मतपेटिका मार्फत विवेक प्रयोग गरे। यो शक्तिशालीलाई 'शक्तिहीन'ले दिएको गतिलो पाठ हो।

दलका नेताले 'भ्रष्टाचार गर्दिनँ, गर्न पनि दिन्नँ, सुशासन स्थापित गर्छु' भन्दै आएका थिए, ती सुधारका वाचा पूरा गर्न नसकेकै हुन् नि त। नागरिकले त्यस कारण विकल्प सोचे। नयाँ दलसँग पनि सुशासन र चुस्त सेवा प्रवाहको अपेक्षासहित मतदान गरेका छन्। सुशासनका कार्यदिशा तय गर्नुअघि शक्ति प्रयोगमा ध्यान दिनु पर्छ। सुशासन दिन्छु भन्न सजिलो हुन्छ, तर वाचा पूरा गर्न सजिलो हुँदैन। नागरिकले अब धेरै समय कुर्दैन पनि।

हो, चुनावी नतिजा बौद्धिक विश्लेषण र विवेचना विपरीत आएकै हो। चुनावबारे अनेकन टीकाटिप्पणी र आशङ्का भइरहेका छन्। जे-जस्ता टिप्पणी भए पनि चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न भयो। धाँधलीका खबर कहीँकतैबाट सुन्नु परेन। २०४८ सालयता मतदाताले कसैको प्रभाव र दबाबमा नपरी शान्तिपूर्ण रूपमा मतदानमा भाग लिएको चुनाव सायद यही नै होला। यसलाई लोकतन्त्रको सुन्दर अभ्यास मान्नु पर्छ। कतिपय बौद्धिकले नेपाली सेनाको संरक्षणमा भएको चुनाव भनेर सङ्कुचित भाव पनि प्रकट गरिरहेका छन्। आलोचना र टिप्पणी गर्नुअघि कुन परिस्थितिमा चुनाव घोषणा भएको थियो भन्ने विषय पनि ख्याल गर्नु आवश्यक हुन्छ। लोकतान्त्रिक व्यवस्थामा मतपत्र मार्फत नागरिकले जसलाई अनुमोदन गर्छन्, त्यो नै अन्तिम सत्य हो, बाँकी विषय समाज खलबल्याउने कुतर्क मात्रै हुन्।

चुनावबारे विभिन्न आशङ्का थिए, हुन्छ/हुँदैन भन्ने थियो। आखिर भयो। जेनजी विद्रोहकै कारण दुई तिहाइ सत्ताको नेतृत्व गुमाएका दलका नेताले चुनावको तयारी पुगेन, यही रूपमा भए निष्पक्ष हुन सक्दैन भनिरहेका थिए। सरकारप्रति तिक्ततापूर्ण अभिव्यक्ति पनि सार्वजनिक गरिएको थियो। अन्ततः सहर्ष स्वीकार गरी चुनावलाई उपयोग गरे। मतदानको परिणाम पूर्णतः प्रतिकूल आयो, त्यसलाई पनि स्वीकार गरी भने- 'लोकतन्त्रमा विश्वास गरेपछि जनताको म्यान्डेटलाई मान्नु पर्छ, हारजित भइरहन्छ।' परिणाम अनपेक्षित आउँदा पनि असफलता स्वीकार गरी विजयी प्रतिद्वन्द्वीलाई सामाजिक सञ्जाल मार्फत बधाई ज्ञापन गर्नु लोकतन्त्रको सुन्दर पक्ष हो।

मतदाताले स्थिरताका पक्षमा मत प्रकट गरे। देशले जित्नु पर्छ भन्ने मनोविज्ञान आममतदातामा विकास भएको पाइयो। पुरानो नेतृत्वको सार्वजनिक र नैतिक विश्वासमा खडेरी परेको मत परिणामको नतिजाले देखायो। पुराना दलप्रति भन्दा पनि नेतृत्वप्रति अविश्वास गरेको पाइयो। संविधानतः कुनै दलले पनि बहुमत ल्याउन सक्दैन भन्ने सामाजिक मनोविज्ञान थियो। त्यो मनोविज्ञान चिर्दै भर्खरै स्थापित राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुई तिहाइ मत प्राप्त गऱ्यो। रास्वपाभन्दा पनि बालेन्द्र शाहका नाममा धेरै मत आएको भनिएको छ। बालेन्द्रलाई भावी प्रधानमन्त्री भनेरै मत मागिएको थियो। एउटै दलले झन्डै दुई तिहाइ मत पाएपछि कतिपयले धाँधली भएको सङ्केत पनि गरे। भोटको 'प्याट्रन' हेर्दा धाँधली भएको कुनै सङ्केत देखिँदैन। जसले प्रत्यक्षमा घन्टी चुनाव चिह्नमा भोट हालेको छ, समानुपातिकमा पनि त्यही चिह्नमा हालेको पाइयो। सत्ताले कुनै व्यक्ति वा पार्टीलाई जिताउने उद्देश्य राखेको भए प्रत्यक्ष र समानुपातिकमा बराबर भोट खस्दैनथ्यो।

धनुषा क्षेत्र नं. १ का रास्वपाका उम्मेदवारको मौन अवधिमै उम्मेदवारी खारेज भयो। मतपत्रबाट चुनाव चिह्न हटाउने समयै भएन। घन्टी चुनाव चिह्नमा झन्डै २२ हजार मत खस्यो। उम्मेदवार नै नहुँदा पनि चुनाव चिह्नमा यति धेरै भोट खस्नुलाई कसरी प्रायोजित मान्ने ? देशव्यापी लहरको सङ्केत धनुषामा पनि देखियो, त्यसलाई अस्वीकार गर्ने कुनै तर्क छैन। यो जनलहर स्विकार्ने उदारभाव नहुने पात्र राजनीतिक हुन सक्दैन। मतदानका गतिविधि नियाल्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक खटिएका थिए। 'एसियन नेटवर्क फर फ्रि इलेक्सन' भन्ने अन्तर्राष्ट्रिय पर्यवेक्षण गर्ने संस्थाले पनि नेपालमा निष्पक्ष चुनाव भएको निचोड निकाल्यो। नेपाली पर्यवेक्षकले पनि कहीँकतै धाँधली भएको प्रमाण पेस गर्न सकेका छैनन्। कतिपय बौद्धिकले फौजी तीव्रताका साथ मध्यावधि चुनाव सम्पन्न भएको भनेर नेपाली सेनाप्रति इंकित गरेका छन्। कुनै पार्टी वा व्यक्तिलाई जिताउनुपर्ने 'इन्ट्रेस्ट' नबोकेको सेनालाई आक्षेप लगाउनु पूर्वाग्रह हो।

सेनाको परिचालन यो चुनावमा मात्रै भएको होइन, प्रजातन्त्र स्थापनापछि २०४८ सालदेखि नै हुँदै आएको छ। चुनावको पहिलो घेरामा सेना कहिल्यै बसेको छैन। सुरक्षाको तेस्रो घेरामा बसेर चुनावलाई शान्तिपूर्ण बनाउन सघाउँदै आएको छ। फागुन २१ को चुनावमा पनि ऊ तेस्रो घेरामै थियो। सेनालाई मतपत्र छपाइ स्थलको सुरक्षा, मतपत्र ढुवानीमा सहयोग र चुनावमा तेस्रो घेरामा बस्ने भूमिका तोकिएको थियो। ढुवानीमा सबै सुरक्षा निकाय संलग्न थिए। चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सेनाले यस पटक विशेष भूमिका खेलेकै हो। त्यो उसको जिम्मेवारी मात्रै नभई राष्ट्रप्रतिको दायित्व पनि हो। चुनावमा सेना परिचालन हुँदैछ भन्ने निर्णयले सबैलाई सचेत बनायो। सुरक्षाका अवस्था बुझ्न र सतर्कता अपनाउन निर्देशन दिन निर्वाचनअघि प्रधान सेनापति सबैजसो पृतनामा पुगेर सैनिक शक्तिलाई विशेष सतर्कता अपनाउन निर्देशन दिए। त्यसले पनि मतदातामा यस पटक ढुक्कसँग मतदान गर्न पाइन्छ भन्ने सन्देश प्रवाह गऱ्यो।

चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न गराउने दायित्वलाई सेनाले आफ्नो पनि प्रतिष्ठाको विषय बनायो। सबै सुरक्षा निकायको साथ र सहयोग प्राप्त भयो। त्यसले अन्तर्राष्ट्रिय जगतमा पनि सकारात्मक सन्देश पुग्यो। सेना यतिबेला अन्तर्राष्ट्रिय कूटनीतिको महत्वपूर्ण 'फ्याक्टर' हो नै। कसैलाई हराउने वा जिताउनुपर्ने कार्यक्षेत्र सेनाको हुँदै होइन। त्यसप्रति ऊ पूर्णरूपमा सचेत र सजग छ। राजनीतिमा सेनाले आजसम्म हात हालेको सुनिएको छैन, नेपाली सेनाको चरित्र त्यो हुँदा पनि होइन। जेनजी विद्रोहमा त राजनीतिले जबर्जस्ती थोपरेको जिम्मेवारी स-सम्मान पूरा गरेको मात्रै हो।

जेनजी विद्रोहको शान्तिपूर्ण समाधान भइसक्दा पनि राज्यका महत्त्वपूर्ण संरचना नाश भइरहेको देख्दादेख्दै सेना मौन बस्यो भनेर आलोचना गर्ने बौद्धिकको स्तर देख्दा दया लाग्छ। भौतिक संरचना ठूलो कि मानव जीवन ? राष्ट्रको अस्मितासँग जोडिएका विषय र संस्थाप्रति नकारात्मक भाष्य सिर्जना गरी जनमतको अपमान गर्ने कथित बौद्धिकको टिप्पणीलाई समाज बिथोल्ने अस्त्र बन्न नदिन भने सतर्कता अपनाउनुपर्छ। समाज जोड्ने काम गरिरहेको संस्थाप्रति विषवमन गरिरहँदा व्यक्तिलाई त फाइदा होला तर दीर्घकालीन रूपमा मुलुकको हित गर्ने छैन।

जेन-जी विद्रोहको लिगेसीलाई चुनावले समाप्त पारिदिएको छ। मतदाता राजनीतिक स्थिरताको म्यान्डेट दिएर काममा फर्किसकेका छन्। दलहरू चुनाव हार्नु र जित्नुको कारण खोज्न आ-आफ्नो मुख्यालयमा जम्मा हुन थालेका छन्। निर्वाचन आयोग नतिजा सार्वजनिक गरेर नियमित काममा फर्किसकेको छ। नेपाली सेना लगायत सुरक्षा निकाय सरकारले दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेर हेडक्वार्टर फर्किसकेका छन् भने धाँधलीका कुरा कहाँ र किन आइरहेका छन् ? जे-जस्ता आशङ्का गरिए पनि फागुन २१ को निर्वाचन जसरी पनि हुन्थ्यो। स्वाभाविक रूपमा हुन नसक्ने अवस्था आएको भए राष्ट्रसङ्घको मध्यस्थतामा पनि चुनाव सम्पन्न हुन्थ्यो।

अब हामीसँग वादविवाद गरेर बस्ने समय छैन। लामो समयदेखि उही अनुहार, उही शैली र अप्राकृतिक गठबन्धनले वाक्कदिक्क नागरिकले मतमार्फत दिशा परिवर्तन गरे। युवा बाहुल्य शक्तिको जोश, जाँगर र उत्साहरूपी दियोमा तेल थपिदिए। यो कुनै दल विशेषको नभई युवा शक्तिको विजय हो। यो जनमतलाई सत्ताको भऱ्याङ मात्र नबनाई मुलुक निर्माणमा रूपान्तरण गर्नु पर्छ। देशमा धेरै पटक धेरै प्रधानमन्त्री त भएकै हुन्, अब नागरिकको प्रधानमन्त्री बनेर इतिहास निर्माण गर्ने नयाँ अवसर आएको छ। प्रशासन र राजनीतिको कार्यप्रणालीमा सुधार गरेर प्राप्त अवसरको सदुपयोग गरी गुमेको मुलुकप्रतिको सार्वजनिक विश्वास पुनर्स्थापित गर्नै पर्छ। सुशासन स्थापित गर्ने पेचिलो मुद्दा र अन्तर्राष्ट्रियस्तरमा मुलुकको स्विकार्यता बढाउनुपर्ने जिम्मेवारी त झनै महत्त्वपूर्ण छँदैछ। गोप

# महेन्द्र रत्न मावि आधुनिक शिक्षाको केन्द्र बन्दै



**कमल, चैत ८।** कमल गाउँपालिका-२, समयगढमा रहेको महेन्द्र रत्न माध्यमिक विद्यालय स्थानीय क्षेत्रको शैक्षिक इतिहाससँग जोडिएको पुरानो र प्रतिष्ठित विद्यालय हो।

२०२४ सालमा एक स्थानीय व्यक्तिको गोठबाट शुरु भएको यो विद्यालय आज आधुनिक भवन, प्रविधिमैत्री कक्षाकोठा र विविध शैक्षिक गतिविधिसहित गुणस्तरीय शिक्षातर्फ अघि बढिरहेको छ। विद्यार्थीको समग्र विकासलाई केन्द्रमा राख्दै शिक्षा, खेलकुद, अतिरिक्त क्रियाकलाप तथा प्रविधिमैत्री शिक्षण प्रणालीमार्फत विद्यालयले उल्लेखनीय प्रगति हासिल गरेको छ। विद्यालय व्यवस्थापन समिति स्थानीय समुदाय, अभिभावक र शिक्षकको संयुक्त प्रयासमा अघि बढिरहेको यस विद्यालयको वर्तमान अवस्था र गुणस्तरीय शिक्षाका बारेमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।

महेन्द्र रत्न मावि कमल गाउँपालिकाकै जेठो विद्यालय हो। २०२४ सालमा स्थापना भएको विद्यालय शुरुमा स्थानीय दिननाथ घिमिरेको गोठबाट पठनपाठन शुरु गरिएको थियो। तत्कालीन झापा जिल्लाको तोपगाछी गाउँ पञ्चायत हाल कमल गाउँपालिका-२ समयगढमा २०२४ सालमा स्थापना भएको महेन्द्र रत्न माविले स्थानीय क्षेत्रको शैक्षिक गतिविधिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

२०२४ सालमा व्यक्तिको गोठबाट शुरु भएको विद्यालय अहिले आधुनिक र सुविधासम्पन्न भवन र कक्षा कोठामा नियमित पठनपाठन हुँदैछ। विद्यार्थीका लागि गुणस्तरीय शिक्षाको केन्द्रका रूपमा विकास हुँदै आएको यस विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा १२ सम्म अध्ययन हुन्छ। विद्यालयमा हाल चार सय ५४ जना विद्यार्थी अध्ययनरत् छन्।

विद्यालयलाई हरियाली र आर्थिक रुपले निर्भर बनाउने उद्देश्यसहित शुरु भएको बिरुवा उपहार कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षको अन्त्यसम्ममा विद्यालयमा परिसरमा पाँच हजार सुपारी रोप्ने अभियान सञ्चालन गरिएकोमा अहिलेसम्म एक हजार पाँच सय सुपारीका बिरुवा रोपिइसकेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पवन राई बताउँछन्। विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न दक्ष शिक्षकको व्यवस्थापन, विद्यार्थी केन्द्रित शिक्षण सिकाई, अंग्रेजी माध्यमबाट पठनपाठन, प्रविधिमैत्री शिक्षण सिकाई र विभिन्न अतिरिक्त क्रियाकलापलाई प्राथमिकता दिइँदै आएको छ।

त्यस्तै नियमित अभिभावक भेला तथा अन्तरक्रिया, विद्यार्थीहरुको मूल्यांकन प्रणालीका लागि हरेक शनिबार साप्ताहिक परिक्षा, नियमित व्यवस्थापन समिति तथा शिक्षकको संयुक्त बैठक, एसईई लक्षित आवासीय पठनपाठनको व्यवस्था, अतिरिक्त शिक्षण कक्षाको व्यवस्थाले गर्दा विद्यालयले गत वर्षको एसईई मा ९७ प्रतिशत रिजल्ट ल्याउन सफल भएको छ।

आर्थिक वर्ष २०८१/०८२ मा कमल गाउँपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयतर्फ विद्यालय व्यावस्थापन समितिहरु मध्ये महेन्द्र रत्न मावि व्यवस्थापन समितिका अध्यक्ष पवन राईलाई उत्कृष्ट व्यवस्थापनको सम्मान गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राईको अध्यक्षतामा भएको वार्षिकोत्सवको उद्घाटन गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राई गरेका थिए।

सोही अवसरमा विद्यालयको नवनिर्मित मुल प्रवेश द्वारा, वाँस्केट वल कोर्ट र कमल गाउँपालिका-१ का वडाध्यक्ष केदार कटुवालका स्व. पिता किर्तिबहादुर कट्वालको स्मृतिमा स्थापना गरिएको किर्ति पुस्तकालयको समेत अध्यक्ष राईले उद्घाटन गरेका थिए।

हेल्भिटासको आर्थिक सहयोगमा विद्यालयमा क्यारियर ल्यावको स्थापना गरिएको छ। जसका कारण विद्यार्थीले विद्यालयमा अध्ययनरत रहँदै आफूले चाहेको विषयमा जान्न र बुझ्न पाउने छन्, जसका कारण विद्यालयको अध्यायन पूरा गरेपछि सोही विषयमा थप अध्ययनका लागि सहज हुने शिक्षक विष्णुप्रकाश निरौला बताउँछन्।

विद्यालयले भौतिक सुधारका साथै विद्यार्थीको शैक्षिक गुणस्तर सुधारमा उल्लेखनीय प्रगति गरेको छ। विद्यालयले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरूमा पनि सहभागी हुने अवसर पाइने कक्षा १२ की छात्रा सोनिया श्रेष्ठ बताउँछिन्।

अभिभावकको ध्यान एसईईको नतिजातर्फ हुने भएको विद्यालयले समेत यसलाई लक्षित गर्दै कक्षा १० मा अध्ययनरत विद्यार्थीका लागि छात्रावास (होस्टल)को व्यवस्था गरिएको शिक्षक टिकादत्त गौतम बताए। विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि लागीपरेको प्रधानाध्यापक बालकृष्ण संग्रौला बताउँछन्।

शिक्षकको लगनशिलता, विद्यालय व्यवस्थापन समितिको सक्रियता, स्थानीय सरकारको सहयोग र अभिभावक तथा समुदायको सहयोगका कारण विद्यालयले शैक्षिक तथा भौतिक दुबै क्षेत्रमा उल्लेखनीय प्रगति गर्न सफल भएको छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** तपाईको आजको दिन मध्यम रहेको छ, मन शान्त रहने छ, पारिवारिक कारणले खुशी बढ्नेछ, मध्यान्हपछि व्यर्थको यात्रा हुनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, आज मन प्रशन्न रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** अचानक धन लाभको सम्भावना छ, सन्तान शुख प्राप्त होला, शत्रुमाथि विजय हुनेछ, साथीभाइसँग भेटघाटले खर्च बढ्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, आज कसैसँग वादविवाद नगर्नुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मान मिल्नेछ, आजबाट भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** आज तपाईको सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, आजबाट तपाईको प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

मिति २०८२/१२/०८ आइतबारको
**सुनचाँदी मूल्य**



**छापावाला**
सुन प्रति तोला
रु. २८२,०००/-



**चाँदी**
प्रति तोला
रु. ४,५४०/-

# १६ जनालाई कोशी एक्सिलेन्स अवार्ड सहसम्पादक भण्डारी पुरस्कृत

**इटहरी, चैत ८।** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की ले 'कोशी एक्सिलेन्स अवार्ड २०२६' ले समाजमा सकारात्मक सन्देश प्रवाह गरेको बताएका छन् ।

इटहरीमा आयोजित अवार्ड वितरण समारोहमा उनले यस्तो कार्यक्रमले आफूलाई थप सकारात्मक ऊर्जा प्रदान गरेको उल्लेख गरे । उनले मिडिया क्षेत्रसँग सहकार्य गर्दै प्रदेश सरकारले विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिँदै संघीय संरचनाले देशलाई अझ मजबुद बनाएको बताए । नयाँ जनादेशले विकासका लागि नयाँ ढोका खोलेको उल्लेख गर्दै उनले विगतका कमजोरी सच्याउँदै अघि बढ्नुपर्नेमा जोड दिए ।




कार्यक्रममा पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुलीले यस्ता कार्यक्रमले प्रदेश सरकारलाई समेत ऊर्जा प्रदान गरेको बताए । त्यस्तै उद्योग, कृषि तथा सहकारी मन्त्री इर्साइल मन्सुरीले कार्यक्रममा सहभागिता जनाउन पाउँदा खुशी व्यक्त गर्दै सहयोगको प्रतिबद्धता जनाए ।

अवार्ड समारोहमा कृषि विधातर्फ डिल्लीराज उप्रेती, शिक्षा विधातर्फ उमेश श्रेष्ठ, स्वास्थ्य विधातर्फ डा. वीरेन्द्र बिष्ट, सामाजिक विधातर्फ दिनबन्धु गोयल, पत्रकारिता विधातर्फ अखण्ड भण्डारी, साहित्य विधातर्फ अनिल पौडेल, खेलकुद विधातर्फ अञ्जिला तुम्बापो सुब्बा, सूचना प्रविधि विधातर्फ सरोज राउत, अटोमोबाइल विधातर्फ विष्णुकुमार अग्रवाल, संगीत विधातर्फ प्रमोद खरेल, बैंकिङ विधातर्फ सन्तोष कोइराला, इन्सोरेन्स विधातर्फ सन्तोष प्रसाई, पुँजी बजार विधातर्फ चूडामणि चापागाँई, कर्पोरेट विधातर्फ मोती दुगड, उद्यमशीलता विधातर्फ रक्तिम जोशी प्याकुरेल तथा स्टार्टअप विधातर्फ नरकुमार श्रेष्ठलाई अवार्ड प्रदान गरिएको थियो ।

त्यसैगरी जनता बहुमुखी क्याम्पस, डा. कृष्णप्रसाद तिम्सिना, राजन श्रेष्ठ, डा. कृष्ण दुलाल, राजकुमार कार्की, रमण नेपाल, डा. सरदा खड्का, तुलसीप्रसाद घिमिरे र टेकनाथ सिटौला सम्मानित भएका थिए ।

कार्यक्रमका मुख्य सल्लाहकार महाप्रसाद अधिकारीले यस्ता कार्यक्रम निरन्तर रूपमा आयोजना हुनुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले कोशी सरकारले आमसञ्चार विधेयक फिर्ता लिएकोमा आभार व्यक्त गर्दै अवार्डले सकारात्मक ऊर्जा प्रदान गरेको बताए ।

सोही अवसरमा नयन मिडिया फाउन्डेशनले दुर्घटना बीमा कार्यक्रम शुरु गरेको छ । कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय महासचिव रामप्रसाद दाहाल, महासंघ कोशीका अध्यक्ष भरत खड्का र इन्सोरेन्स प्रतिनिधि भेषराज थापाबीच सम्झौता भएको छ ।

त्यसैगरी प्रदेश खबर डटकमले सञ्चालन गरेको निर्वाचन विशेष कार्यक्रममा उत्कृष्ट रिपोर्टिङ गर्ने दुई पत्रकारलाई पनि सम्मान गरिएको छ । जसमा विराटनगरबाट किशोर बुढाथोकी र झापाबाट सुरेन्द्र भण्डारी नगदसहित पुरस्कृत भएका छन् ।

नयन मिडिया फाउन्डेसनको आयोजनामा इटहरीस्थित सोल्टी वेस्टेन्ड होटलमा सम्पन्न कार्यक्रमले कोशी प्रदेशका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्तित्वलाई एउटै मञ्चमा सम्मान गर्दै प्रदेशको पहिचान, सम्भावना र सिर्जनशीलतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने लक्ष्य राखेको फाउन्डेसनका अध्यक्ष पवन अधिकारीले जानकारी दिएका छन् ।

# ग्रिनफिल्डको दिक्षान्त समारोह



**बिर्तामोड, चैत ८।** बिर्तामोड-१ स्थित ग्रिनफिल्ड वर्ल्ड स्कूलमा पूर्व प्राथमिक तह तथा प्राथमिक तह कक्षा १, २ को वार्षिकोत्सव साथै पूर्व प्राथमिक तहको दिक्षान्त समारोह सम्पन्न भएको छ ।

कार्यक्रमको अध्यक्षता सोही विद्यालयकी सहायक प्रधानाध्यापक रोजिना कार्कीले गरेकी थिइन् भने प्रमुख अतिथिसोही विद्यालयकी निर्देशक मनिषा बस्नेत रहेकी थिइन् ।

कार्यक्रममा स्वागत विद्यालयका संयोजक बर्नाड लामाले राखेका थिए भने कार्यक्रम सञ्चालन विद्यालयकी शिक्षक प्रतिभा ढकालले गरेकी थिइन् ।

सोही अवसरमा विद्यार्थीहरुले नृत्य, गायन लगायतका आ-आफ्ना प्रतिभाहरु प्रस्तुत गरेर कार्यक्रमलाई अझै रोचक बनाएका थिए ।

# नेशनल प्याब्सन कोशी प्रदेशको तेस्रो अधिवेशन

**मोरङ, चैत ८।** राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएसन नेपाल (नेसनल प्याब्सन)को कोशी प्रदेश स्तरीय तेस्रो अधिवेशन सम्पन्न भएको छ ।

मोरङको सुन्दरहरैंचा-५ स्थित पूर्वाञ्चल पब्लिक स्कूलमा आयोजित अधिवेशनले हिमालय इङ्गलिस स्कूलका संस्थापक प्रिन्सिपल कमल खनाललाई सर्वसम्मत रूपमा अध्यक्ष पदमा चयन गरेको छ ।

अधिवेशनबाट उपाध्यक्षमा झापाका दीपक न्यौपाने, सचिवमा सुनसरीका सुरेन्द्र चौधरी, सहसचिवमा झापाकै सुवर्ण भट्टराई र कोषाध्यक्षमा मोरङका सन्तोषकुमार राई निर्विरोध चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा सुनसरीका उमेश महतो, मोरङका लोकबहादुर रोका, महेन्द्रकुमार राई, झापाका धिरज नारायण गणेश चयन भएका छन् । कार्यसमितिको सल्लाहकारमा मोरङका कुमार विक्रम खवासलाई मनोनित गरिएको छ ।

कार्यक्रम नेशनल प्याब्सन कोशी प्रदेशका कार्यवाहक अध्यक्ष समेत रहेका नवनिर्वाचित अध्यक्ष कमल खनालकै अध्यक्षतामा सम्पन्न भएको थियो । अधिवेशनका प्रमुख अतिथि नेशनल प्याब्सनका निवर्तमान राष्ट्रिय अध्यक्ष पाण्डव हमाल ठकुरी तथा विशिष्ट अतिथि केन्द्रीय सदस्य नारायण ढकाल रहेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि पाण्डव हमाल ठकुरीले निजी विद्यालय क्षेत्रले नेपालको शिक्षामा पुऱ्याएको योगदान उल्लेखनीय रहेको बताउँदै अब गुणस्तरीय, व्यवहारिक र प्रविधिमैत्री शिक्षामा केन्द्रित हुनुपर्ने आवश्यकता भएको बताए ।

त्यस्तै विशिष्ट अतिथि नारायण ढकालले संगठनलाई अझ सशक्त, एकताबद्ध र प्रभावकारी बनाउन नवगठित कार्यसमितिको भूमिका महत्वपूर्ण हुने बताए ।

कार्यक्रममा पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै पत्रकार योगेन्द्र योगी, एलएन गच्छदार, शिव भट्टराई भोजपुरे र सुरज माझी तथा विभिन्न पब्लिकेशनका प्रमुखहरूलाई सम्मान गरिएको थियो ।

अधिवेशनमा नेशनल प्याब्सन झापाका अध्यक्ष धर्मराज माझी, मोरङका अध्यक्ष इन्द्र नारायण शाह, सुनसरीका अध्यक्ष खगेन्द्र केसी लगायत उपस्थिति रहेको थियो ।


**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 COMPANY | स्वदेशी हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालि**लाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

United International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No. 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
**ASIA LINK SERVICES (P) LTD.**
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**झापामै पहिलो होमियोप्याथिक**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
- पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस,
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैंजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
**तारा होमियो फार्मेसी**
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

DRISHTI Eye Care System | TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS, MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या | बाथ
मुटु सम्बन्धी समस्या | थाईराईड
राति निद्रा नलाग्ने | रक्तचाप
छाती दुख्ने | मधुमेह
फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा**
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
**स्पार्क पूर्वाञ्चल अस्पताल,**
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

विशेषज्ञ डाक्टरहरूको सेवा अब
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैंसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९० ९८२४०५७७०७ ९८०२३१३२९३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोट: यहाँबाट नि:शुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra


**शिवसताक्षी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
ब्याड्ठाँडा, झापा
कोशी प्रदेश, नेपाल

## सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

यस शिवसताक्षी नगरपालिकाको स्थान किरात चौक वडा नं. १० मा अवस्थित कित्ता नं. १६२९२ र १७६६४ क्षेत्रफल ०-०-१६, ०-०-४ मा भवन निर्माण गर्ने घरधनी श्री लक्ष्मीमाया राईले यस न.पा.मा निर्मित भवनको नक्सा प्रमाणित गर्ने प्रयोजनको लागि निवेदन पेश गरेकोमा सँधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

निवेदक साथ पेश हुन आएको नक्सा प्रमाणित गर्दा तपाईको जम्मा लगायत सार्वजनिक स्थलको हानी-नोक्सानी हुन्छ, हुँदैन, सन्धि सपन हानी नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित नगरपालिकामा उजुर गर्न सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

१. नक्सा प्रमाणितको लागि पेश भएको प्रस्तावित जग्गाको चार किल्लाको विवरण

| दिशा | आफ्नो जग्गा लम्बाइ (फिट/मिटर) | छोडेको आफ्नो जग्गा (फिट/मिटर) | सँधियार कि.नं. | सँधियार लेन्डस्केपको प्रकार | सँधियार नाम |
|---|---|---|---|---|---|
| पूर्व | | | बाटो | | |
| पश्चिम | | | ३५६,३५५ र ३५७ | | देवेन्द्र सिगु |
| उत्तर | | | १७६६५ | | लिला गिरी |
| दक्षिण | | | १६२९१ | | मानबहादुर माबो |

घर/कम्पाउण्ड वाल नाप:- लम्बाई: ३६'४" चौडाई:२६'२" उचाई: १० तल्ला संख्या: २

**शिवसताक्षी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
ब्याड्ठाँडा, झापा
कोशी प्रदेश, नेपाल

## सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

यस शिवसताक्षी नगरपालिकाको स्थान माइधार वडा नं. १० मा अवस्थित कित्ता नं. २५७७० क्षेत्रफल ०-९-६.७५-० मा भवन निर्माण गर्ने घरधनी श्री मदनकुमार मैनालीले यस न.पा.मा निर्मित भवनको नक्सा प्रमाणित गर्ने प्रयोजनको लागि निवेदन पेश गरेकोमा सँधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ ।

निवेदक साथ पेश हुन आएको नक्सा प्रमाणित गर्दा तपाईको जम्मा लगायत सार्वजनिक स्थलको हानी-नोक्सानी हुन्छ, हुँदैन, सन्धि सपन हानी नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सबुत प्रमाणसहित नगरपालिकामा उजुर गर्न सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

१. नक्सा प्रमाणितको लागि पेश भएको प्रस्तावित जग्गाको चार किल्लाको विवरण

| दिशा | आफ्नो [redacted] लम्बाइ (फि[redacted] | [redacted] आफ्नो [redacted]फिट/मिटर) | सँधियार कि.नं. | सँधियार लेन्डस्केपको प्रकार | सँधियार नाम |
|---|---|---|---|---|---|
| पूर्व | [redacted] | [redacted] | २४६७८ | | |
| पश्चिम | [redacted] | [redacted] | | | कालोपत्रे |
| उत्तर | [redacted] | [redacted] | ७४०,१०२५१,७२७७,७५२७,७५३६, २१११०,८३३४,१८३३२,२९१०,२१८४१, २३९८४ र २३९८५ | | |
| दक्षिण | [redacted] | [redacted] | १०२४८, ६७८१, ६६०५, ६६०६, १६१४२, १७०९०,२१६४५,१९०१६, २३४२५, २५७६९, २५७६८ र १६२३३ | | |

घर/कम्पाउण[redacted]-७" चौडाई:३४'-७" उचाई:२७'-५" तल्ला संख्या २